अनुसुची १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री रामबाग सामुदायिक वन उपभोक्ता समूह

## गुलरिया न.पा. ०५, सुहेलवा, बर्दिया

प.स. २०८२/२०८३
च.नं. ९५

मिति: २०८३/०१/२४

**विषयः काठ र दाउरा प्रति ईकाई दररेटको आधारमा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना ।**

लट नं. १ (२०८२/०८३)

पहिलो पटक सुचना प्रकाशन मिति २०८३।०१।२४

श्री रामबाग सामुदायिक वन उपभोक्ता समूहको सामुदायिक वनबाट आ.व.२०८२/०८३ मा कटान हुने रुखहरुबाट उत्पादन हुने तपसिलमा उल्लेखित जात र परिमाणको काठ/दाउरा प्रति ईकाई दररेटमा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, सघंसस्था, फर्म वा कम्पनीले यो सुचना **नागरीक राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०१/२४ गते प्रकाशन भएको मितिले २१ दिन भित्र यस समूहको कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट बोलपत्र** खरिद गरी २२ औं दिन दिनको १२:०० बजे भित्रको समयमा यस रामबाग सामुदायिक वन उपभोक्ता समुहको कार्यालय गुलरिया न.पा. वडा नं. ०५ बर्दिया र डिभिजन वन कार्यालय बर्दियामा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

तपसिल

१.वन पैदावारको बिवरणः-

| लट नं. | वन पंदावारको जात | रुख संख्या | ग्रेड | अनुमानित परिमाण | | प्रति इकाई न्यूनतम मुल्य रु. | | मूल्यांकन रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | काठ घ.फि. | दाउरा चट्टा | काठ घ.फि. | दाउरा चट्टा | काठ मूल्य रु. | दाउरा मूल्य रु. | |
| १ | आँप | १ | N | ७।७१ | ०।०६ | २०० | ४००० | १५४२ | २४० | काठ प्रति घ.फी १२५ र दाउरा प्रति चट्टा ८००० संकलन खर्च साकार कर्ताले व्यहोर्नु पर्नेछ |
| | गुटेल | ३ | N | ९६।०३ | ०।३३ | १०० | ४००० | ९६०३ | १३२० | |
| | सिमल | ५ | N | ३३६।२१ | ०।८८ | १५० | ४००० | ५०४३१।५ | ३५२० | |
| | जम्मा | २० | | ४३९।९५ | १।२७ | | | ६१५७६।५ | ५०८० | |

२.बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः२०८३।०२।१४ (ख) समय दिउँसो १२:०० बजेसम्म ।

३.बोलपत्रसाथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समुहको राष्ट्रिय बाणिज्य बैक, गुलरिया शाखा कार्यालय, बर्दियामा रहेको हिसाब नं. ४१४०१००१०१२२३००१ खातामा नगद जम्मा गरेको सक्कल भौचर/-----------------बैंकमा कम्तिमा ६ महिना अवधिको बैंक जमानत समावेश हुनुपर्नेछ ।

४.बोलपत्र फारमको रु. ३००/- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद गरि खरिद गरेको निकायमा दाखिला गर्नु पर्नेछ ।

५.लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय दिनको ५:०० बजे भित्र रामबाग सामुदायिक वन उपभोक्ता समुहको सामुदायिक वन क्षेत्रमा गई हेर्न सकिनेछ।

अध्यक्ष

अनुसुची १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री रामबाग सामुदायिक वन उपभोक्ता समूह

## गुलरिया न.पा. ०५, सुहेलवा, बर्दिया

६.लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मको प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, फर्म वा कम्पनि दर्ता प्रमाण पत्रको प्रतिलीपि ,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिबृद्धी कर दर्ता प्रमाण पत्रको प्रतिलीपि वा स्थाई लेखा नम्वर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलीपि र संघीय वन नियमावली २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयमा सुची दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

७.निर्धारित न्युनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०२।१४ गते दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

८.उत्पादित गोलिया काठ र दाउरा नाप पईमास भई घाटगद्दी भएको जानकारी पश्चात् १० (दश) दिन भित्र साकार गरेको प्रति ईकाई दररेटले हुन आउने रकम तथा निर्धारित मुल्य अभिबृद्धी कर, अग्रिम आय कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाईलैजानु पर्नेछ ।

९.बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेखुपर्नेछ ।अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१०.प्रस्तुत बोलपत्रको सम्वन्धमा कुनै बिवाद उत्पन्न भएमा त्यसको अन्तिम निर्णय दिने अधिकार सम्बन्धित निकायको हुनेछ ।

११. रितपुर्वक नभएको वा शर्त राखिएको र म्याद नाघि प्राप्त भएको बोलपत्र मान्य हुने छैन ।

१२. प्रस्तुत बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१३. अन्य कुराहरु प्रचलीत कानुन अनुसार हुनेछ ।

अध्यक्ष